# धन्यवाद मन्तव्य

किशोर कुमार प्रधान
सभापति, स्थानीय विकास समिति

१. **"आर्थिक विकासको आधार : निजी र सार्वजनिक जब बन्छ साझेदार"** भन्ने मूल नारा (Slogan) सहित नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र UNDP को साझेदारीमा आयोजना गरिएको सार्वजिनक निजी साझेदारी विषयक राष्ट्रिय गोष्ठीमा हाम्रो निमन्त्रणालाई स्वीकार गर्नु भई समुद्घाटन समारोहको शोभा बढाई दिनु भएकोमा समस्त अतिथिगणमा महासंघ तथा मेरो आफ्नै तर्फबाट समेत हार्दिक धन्यवाद ज्ञापन सहित आभार प्रकट गर्दछु ।

२. सम्माननीय प्रधानमन्त्रीज्यूबाट गोष्ठीको समुद्घाटन सहित निजी क्षेत्रलाई साझेदारीको एकतामा बांध्ने मुख्य भावना सहितको ओजपूर्ण सम्बोधनको लागि महासंघ लगायत आयोजकको तर्फबाट आभार व्यक्त गर्न चाहान्छु ।

३. सरकार र निजी क्षेत्र विकास रुपी रथका एक/एक चक्का हुन । एउटा चक्कामा गडवढी आउने वित्तिकै अर्को चक्काले मात्र विकास रुपी रथलाई गन्तव्यमा पु¥याउन सक्दैन । यसर्थ विकास रुपी रथलाई गन्तव्यमा पु¥याई त्यसमा सवार हामी सम्पूर्ण नेपालीलाई रोग, भोक र अभावबाट मुक्ति दिलाउन दुवै चक्का अर्थात सरकार र निजी क्षेत्र मजवुद हुन आवश्यक छ। सहकार्य र सहयात्रा जरुरी छ । सम्माननीय प्रधानमन्त्रीज्यूबाट Public Private Partnership का माध्यमबाट सरकार निजी क्षेत्र विकासका सबै प्रयासमा सहयात्राका साथ अघि बढ्न जुन प्रेरणा प्राप्त भएको छ सिंगो निजी क्षेत्र त्यसको सराहना गर्दछ ।

४. परनिर्भरताबाट मुलुक अघि बढ्न सक्दैन । विकासको race मा हामी भन्दा निकै पछाडी परेका राष्ट्रहरु निकै अघि दौडी सकेका छन् । विदेशी ऋण सहयोगको परिमाण बढ्यो भनेर खुशी मान्नु भन्दा पनि लगानी ल्याउन सकेनौ, उद्योगधन्दा विस्तार गर्न सकेनौ, प्रतिस्पर्धी क्षमताको विकास गर्न सकेनौं, परनिर्भरता तर्फ बढी आकर्षित भयौं भन्ने तर्फ चिन्ता गर्नुपर्ने वेला आएको छ । यसलाई विस्तारै कम गरि हाम्रो आफनै अनुभव, आफनै आवश्यकता र पुरुषार्थमा देश विकास गर्नुपर्ने तर्फ हाम्रो सम्पूर्ण ध्यान केन्द्रीत गर्नपनि म यस अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहान्छु ।

५. भारत, टर्की, बंगलादेश, भियतनाम, सोमालिया लगायतका मुलुकहरुले सरकार र निजी क्षेत्रसंगको सहकार्यमा संचालन गरेका सार्वजनिक–निजी साझेदारी कार्यक्रमबाट देशको आर्थिक विकासमा प्राप्त गर्दै आएको उदाहरणीय सफलतालाई दृष्टिगत गर्दा उक्त अवधारणा नेपालको लागि समेत महत्वपूर्ण हुने सन्दर्भमा अवका दिनमा हामीले पनि तिनीहरुको model को अध्ययन गरि हाम्रै देश र माटो सुहाउंदो model तयार गरि अघि बढ्नु पर्ने खांचो छ, यसमा प्रस्तुत कार्यक्रमले पर्याप्त मार्ग दर्शन गर्ने हाम्रो विश्वास छ ।

६. सरकारले हालै व्यवस्थापिका संसदमा पेश गरेको आर्थिक नीति तथा कार्यक्रम एवं अर्थ मन्त्रीबाट प्रस्तुत भएको आ.व. २०६५।६६ को बजेट वक्तव्यमा सार्वजनिक निजी साझेदारी (PPP) को अवधारणालाई एक प्रणाली (System) अन्तर्गत विकास गरी पूंजिगत लगानीको मुख्य आधारशिला हुने उल्लेख भएबाट निजी क्षेत्र थप उत्साहित भएको छ । तर सो अवधारणाका सम्बन्धमा निजी क्षेत्र, नेपाल सरकार र राजनीतिक दलहरुको सोचाईमा केहि पृथकता भएको बुझिएकोले सो सम्बन्धमा Misunderstanding नहोस र सबै पक्षको एकै किसिमको सोचाई, अवधारणा एवं प्रयास सहित समन्वयात्मक रुपमा कार्यान्वयनका लागि अघि बढ्ने गरी आधार पत्र तयार गर्ने कार्यक्रमले मार्ग प्रशस्त गर्ने हाम्रो विश्वास छ ।

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

यसै सन्दर्भमा मलाई सम्झना आई रहेको छ

७. द्वन्दको समाप्तिसंगै मूलधारको राजनीतिमा प्रवेश गरेपछि पहिलो पटक नेकपा(माओवादी)लाई उद्योग संगठन मोरडले विराटनगरमा मेरो अध्यक्षतामा आयोजना गरेको स्वागत कार्यक्रममा अध्यक्ष एवं वर्तमान सम्माननीय प्रधानमन्त्रीज्यूले माओवादीको **"आर्थिक क्रान्ति"को** संखनाथ गरेको निकै उत्साहपूर्ण सो सम्बोधनमा आर्थिक विकासका सम्बन्धमा व्यक्त विचारलाई कार्यान्वयन गराउने क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूबाट आफना सबै संयत्र परिचालन हुने विश्वास व्यक्त गर्दछु ।

८. मुलुकमा ठूलो राजनीतिक परिवर्तन भएको छ । सरकारले आगामी १० वर्षभित्र economic revolution गर्ने लक्ष लिएको छ । आर्थिक रुपान्तरणको अभियानमा जुट्ने सरकारको अठोट र त्यसको कार्यान्वयनमा सार्वजनिक निजी साझेदारीबाट गर्ने नीतिलाई सहयोग गर्न निजी क्षेत्र हर समय तयार छ ।

९. Public Private Partnership का विषयमा नेपाल, भारत र एशियाको Experiences sharing गर्नुहुने key note Speakkers स्थानीय विकास मन्त्रालयका सचिव श्री अवस्थीज्यू, Mr Thomas र Mr. Luuzan लाई नेपाल, भारत र समग्र एशियाको अनुभव बांडचुंड गर्नुभएकोमा हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछु साथै यूएनडीपीका Mr Piper लाई हार्दिक धन्यवाद प्रकट गर्दछु ।

१०. मुलुकको अवको आवश्यकता आर्थिक विकासनै हो । आर्थिक विकास विना राजनीतिक उपलब्धीलाई संस्थागत गर्न नसकिने र त्यसका लागि सार्वजनिक निजी साझेदारीका माध्यमबाट अघि बढ्नु पर्नेमा जोड दिंदै माननीय स्थानीय विकास मन्त्री रामचन्द्र झाज्यूबाट व्यक्त धारणा प्रति हार्दिक आभार प्रकट गर्दछु ।

११. अन्तमा, आफ्नो अति व्यस्तताका बावजूद हाम्रो निमन्त्रणालाई स्वीकार गरी यहां पाल्नु भएका सम्माननीय प्रधानमन्त्रीज्यूमा समस्त नेपाली उद्योगी व्यापारी व्यवसायीहरुको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै हाम्रा मान्यवर अतिथिज्यूहरु, माननीय मन्त्रीज्यूहरु, सम्बैधानिक अंगका प्रमुखज्यूहरु, कुटनीतिक नियोगका प्रमुखज्यूहरु, नेपाल सरकारका वरिष्ठ अधिकृतज्यूहरु, पत्रकार मित्रहरु आगामी सत्रमा प्रस्तुत हुने कार्यपत्रका प्रसतुतकर्ता, टिप्पणीकर्ता र्‍यापोटियरहरु एवं अन्य विशिष्ठ अतिथि गणमा महासंघको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु । यहाँहरु सबैमा पुनः हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

६ कार्तिक २०६५,
काठमाडौं ।